जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ४६ | २०८३ साल जेष्ठ १८ गते, सोमबार | Monday, June.– 01 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## सीमा विवाद समाधानका लागि कूटनीतिक पहल जारी : प्रधानमन्त्री शाह

***काठमाडौं, जेठ १७ –***
प्रधानमन्त्री बालेन्द्र शाह ले लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रसँग सम्बन्धित सीमा विवाद कूटनीतिक संवाद र टेबुल टकमार्फत समाधान गरिने बताएका छन्। प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले नेपाल सरकारले भारत सरकारलाई आधिकारिक कूटनीतिक नोट पठाइसकेको र त्यसको जवाफ पनि प्राप्त भइसकेको जानकारी दिए।




प्रधानमन्त्री शाहले सीमा समस्याको दीर्घकालीन समाधानका लागि दुवै देशका इतिहासविद्, सर्वेक्षक तथा भूमिसम्बन्धी विज्ञहरूको सहभागितामा औपचारिक संवाद प्रक्रिया अघि बढाइने बताए। प्रतिपक्षी दलका सांसदहरूले लिपुलेक र लिम्पियाधुरा हुँदै भारत-चीनबीच हुने व्यापार तथा सीमासम्बन्धी विषय उठाएपछि प्रधानमन्त्रीले सरकार यस विषयमा गम्भीर रहेको स्पष्ट पारे। उनले चीन र बेलायतसँग समेत यस विषयमा कूटनीतिक संवाद भइरहेको उल्लेख गर्दै नेपाल-भारतबीचको सीमा विवाद आपसी सहमति र प्रमाणका आधारमा समाधान हुने विश्वास व्यक्त गरे।
यसैगरी प्रधानमन्त्री शाहले विगतका विभिन्न आन्दोलन तथा घटनासम्बन्धी बनेका सबै प्रतिवेदन सरकारले अध्ययन गर्ने बताएका छन्। उनले मानवअधिकार आयोगलगायत विभिन्न आयोगका प्रतिवेदनहरूको अध्ययनका लागि समिति गठन गरिएको जानकारी दिँदै अध्ययनपछि आवश्यक निष्कर्ष सार्वजनिक गरिने बताए।
प्रधानमन्त्री शाहले भदौ २३/२४ का घटनासम्बन्धी विस्तृत प्रतिवेदन अझै औपचारिक रूपमा सरकारसमक्ष नआएको उल्लेख गर्दै प्राप्त भएपछि सार्वजनिक गरिने स्पष्ट पारे।
आर्थिक विषयमा संसदको रोष्टमबाट प्रश्नोत्तरलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले वर्तमान सरकारको मुख्य ध्यान मुलुकको आर्थिक अवस्था मजबुत बनाउनेतर्फ केन्द्रित रहेको बताए। पहिलो वर्ष सुशासनमा जोड दिएको बताए। तर भौतिक विकास नि सँगसँगै लैजाने सरकार र रास्वपा पार्टीको नीति स्पष्ट रहेकोमा दुईमत छैन, उनले भने । उनले देशभित्र उत्पादन भएका वस्तुको निर्यात प्रवर्द्धनका लागि कर छुट तथा नीतिगत सहजीकरण गरिएको जानकारी दिँदै नेपाललाई निर्यातमुखी अर्थतन्त्रतर्फ उन्मुख गराउन सरकार सक्रिय रहेको बताए।
उनले आत्मविश्वास अभिवृद्धिसँगै मुलुकलाई आर्थिक रूपमा सुदृढ बनाउनु अहिलेको प्रमुख आवश्यकता रहेको उल्लेख गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र वैदेशिक व्यापार विस्तारमा सरकार केन्द्रित रहेको बताए।सुकुमबासी व्यवस्थापनमा सरकार कटिबद्ध रहेको नितिमा देशमा १ धुर वा एक आना जग्गा नभएकोलाई सरकारले
जग्गा उपलब्ध गराउने छ। नदि खोलाको किनारमा जोखिम युक्त बसोबास र रोगी हुनबाट जोगाउन तथा ज्यानलाई जोखिमबाट बचाएको हो। राज्यले उनिहरुको उचित व्यवस्थापन हर्छ। पैतिस वर्षको काम ३५ मिनेटमा खोज्नु हतार हुन्छ।अलिक समय लाग्ला तर घरवार विहिन कोहि बस्नु पर्दैन्।

## बाराका सीमा नाकामा तस्कर र सुरक्षाकर्मीको रजगज: छोटी भन्सार खारेजीको फाइदा उठाउँदै लाखौंको राजस्व छली





***संवाहक सम्वादाता-१७ बैशाख, कलैया***
नेपाल-भारत खुला सीमानाको फाइदा उठाउँदै बारा जिल्लाका संवेदनशील सीमा नाकाहरूमा सुरक्षा निकायका केही जिम्मेवार प्रतिनिधि र तस्कर समूहबीचको सघन एवं संस्थागत मिलेमतोका कारण भइरहेको ठूलो परिमाणको तस्करीले मुलुकको राष्ट्रिय सुरक्षा र अर्थतन्त्रमा गम्भीर धक्का पुऱ्याएको छ । हालै इलाका प्रहरी कार्यालय प्रसौनी गण्डकबाट सप्तरी सरुवा भई रवाना बुझिसकेका तर कार्यक्षेत्रमा नगई १५ दिनको घरबिदा मिलाएर अझै पनि नाका-नाकामा अवैध रकम असुलीमा सक्रिय रहेका प्रहरी जवान मन्जिव यादवको शङ्कास्पद गतिविधिले संगठनकै साख र व्यावसायिकतामाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ। स्थानीय स्रोतका अनुसार संगठनको नीति विपरीत विगतमा 'घुमुवा'का रूपमा परिचालित तिनै यादव रवाना लिएपछि पनि इलाका प्रहरी कार्यालय गण्डकका प्रहरी निरीक्षक टपेन्द्र श्रेष्ठकै प्रत्यक्ष आदेश र इसारामा सीमा क्षेत्रमा महिनावारी एवं नजराना उठाउन सक्रिय छन् भने जिल्ला प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरको ब्याची भएकै आडमा गण्डकमा हालिमुहाली चलाउँदै आएका प्रनि श्रेष्ठले नै यादवलाई जिल्लाभरिको नाका हेर्ने र तस्करीको 'सेटिङ' मिलाउने मुख्य जिम्मेवारी दिएर परिचालन गरेको गम्भीर आरोप लागेको छ। सरकारले सीमा क्षेत्रमा पूर्ण कडाइ र शून्य सहनशीलता अपनाउन स्पष्ट निर्देशन दिए पनि नीतिगत भ्रष्टाचारका कारण भारतीय बजार रक्सौल, आदापुर, छौडादानो, जमुनिया र घोडासहनबाट नेपाली

बाँकी तेस्रो पृष्ठमा

## डेढ् लाखको अवैध कुखुराका चल्ला बरामद

***संवाहक सम्वादाता-१७ बैशाख, कलैया***
बारा प्रहरीले भारतबाट अवैध रूपमा ल्याइँदै गरेका कुखुराका चल्ला बरामद गरेको छ।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शनिबार बिहान करिब ३ बजे प्रहरी चौकी कचोर्वाबाट खटिएको टोलीले सिम्रौनगढ नगरपालिका-६ अमरपुर क्षेत्रमा भारतबाट अवैध रूपमा टाउकोमा बोकी ल्याइँदै गरेको कुखुराका चल्ला नियन्त्रणमा लिएको हो।
प्रहरी चौकी कचोर्वाका प्रहरी वरिष्ठ नायब निरीक्षक देवबहादुर विष्टको कमाण्डमा खटिएको गस्ती टोलीलाई देख्नासाथ चल्ला बोकेका व्यक्ति कार्टुन फालेर भारततर्फ



फरार भएका थिए।
घटनास्थलबाट ८८ कार्टुनमा रहेका करिब १ लाख ५० हजार रुपैयाँ बराबरका कुखुराका चल्ला बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद चल्ला स्थानीय जनप्रतिनिधि तथा क्वारेन्टाइन अधिकृतको उपस्थितिमा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायब उपरिक्षक मीन बहादुर घलेले जानकारी गराएका छन्।

## आर्थिक वर्ष २०८३/०८४ को बजेट: संरचनागत सुधारको मार्गचित्र र महत्वाकांक्षी घाटाको चुनौती

नेपाल सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत गरिएको कुल रु. २१ खर्ब २४ अर्ब ३४ करोड (रु. २,१२४.३४ अर्ब) को विशाल बजेटले मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन संरचनागत सुधार, सुशासन र आर्थिक पुनरुत्थानलाई आफ्नो मूल मन्त्र बनाएको देखिन्छ, जसमा सकारात्मक र नकारात्मक ( चुनौतीपूर्ण) दुवै पक्षहरूको सन्तुलित आर्थिक सम्मिश्रण भेटिन्छ। बजेटका अत्यन्तै सकारात्मक एवं स्वागतयोग्य पक्षहरू तर्फ दृष्टिपात गर्दा, यसले निजी क्षेत्रको मनोबल उच्च बनाउन र औद्योगिक वातावरण सुधार्न ऐतिहासिक कदमहरू चालेको स्पष्ट हुन्छ; जस्तै उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्न २७३ विधाका कच्चा



पदार्थको भन्सार दर तयारी वस्तुको भन्सार भन्दा कम्तीमा एक तह कम गरिनु, ३६० वटा वस्तुमा लाग्दै आएको अन्तःशुल्क पूर्ण रूपमा खारेज गरिनु र नेपाल विद्युत प्राधिकरणलाई उत्पादन, प्रसारण र वितरणमा विखण्डन ( Unbundling) गरी निजी क्षेत्रलाई समेत विद्युत व्यापार र निर्यातको बाटो खुला गर्नुले खुला बजार अर्थतन्त्र र नवप्रवर्तनलाई बलियो टेवा दिने निश्चित छ। यसका साथै मध्यम वर्गलाई ठूलो राहत दिँदै व्यक्तिगत आयकरको सीमालाई दोब्बर बनाएर वार्षिक रु. १० लाख पुऱ्याइनु, पूँजी बजार (सेयर बजार) को पूँजीगत लाभकरलाई नै अन्तिम कर (Final Tax) घोषणा गरिनु, र वैदेशिक लगानी आकर्षित गर्न व्यापारिक भवनका २५ प्रतिशतसम्म अपार्टमेन्ट विदेशी लगानीकर्ताले खरिद गर्न पाउने खुकुलो नीति ल्याइनुले देश भित्रै तरलता र लगानी बढाउन मद्दत पुग्नेछ। नवप्रवर्तन, सूचना प्रविधि (IT) र आर्टिफिसियल इन्टेलिजेन्स (AI) लाई आर्थिक रूपान्तरणको मुख्य संवाहक स्वीकार गर्दै सरकारी दर्ता प्रक्रियालाई ९० दिन भित्र 'एकल विन्दु' अनलाइन प्रणालीमा ढाल्ने र लगानी बोर्डबाट स्वीकृत आयोजनाले पुनः मन्त्रालयहरूबाट अनुमति लिनु नपर्ने कानुनी व्यवस्थाले नेपालको 'डुइङ बिजनेस' सूचकांकमा व्यापक सुधार

बाँकी तेस्रो पृष्ठमा

## रास्वपाको सिम्रौनगढमा पहिलो नगर अधिवेशन सम्पन्न, सभापतिमा राजु गुप्ता चयन

सिम्रौनगढ, जेठ १७ –
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बाराको सिम्रौनगढ नगरपालिका मा पहिलो नगर अधिवेशन सम्पन्न गर्दै नयाँ नगर समिति गठन गरेको छ। अधिवेशनबाट राजु गुप्ता सर्वसम्मत रूपमा नगर सभापतिमा चयन भएका छन्।
सिम्रौनगढ उद्योग वाणिज्य संघ को सभाहलमा सम्पन्न अधिवेशनले १५ सदस्यीय नगर समिति गठन गरेको हो। समितिको सचिवमा सुरेश प्रसाद यादव तथा सहसचिवमा रामबाबु कुशवाहा चयन भएका छन्। यसैगरी ओमप्रकाश ठाकुर, दीपेन्द्र यादव, कलावती



देवालगायतलाई सदस्यको जिम्मेवारी दिइएको छ।
अधिवेशनमा पार्टीका जिल्ला तथा क्षेत्रीय तहका नेताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा डा. द्वारिका उप्रेती, गणेश प्रसाईं, विशाल भट्टराई, श्यामसुन्दर उप्रेती र

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## शिक्षामा कर कि सुधार ?

सरकारले आगामी आर्थिक वर्षका लागि शिक्षामा ३ प्रतिशत 'समता शुल्क' लगाउने प्रस्ताव अघि सारेपछि यसले व्यापक बहस सिर्जना गरेको छ। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा कर लगाउने निर्णयलाई लिएर अभिभावक, निजी विद्यालय सञ्चालक र शिक्षा क्षेत्रका सरोकारवालाले गम्भीर चासो व्यक्त गरेका छन्। सरकारको तर्क सामाजिक उत्तरदायित्व र शैक्षिक समानता कायम गर्ने भए पनि यसको कार्यान्वयनको प्रभाव र व्यवहारिकता गम्भीर समीक्षा गर्नुपर्ने देखिन्छ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनाएको छ। यस्तो अवस्थामा विद्यार्थीले तिर्ने शुल्कमा थप कर लगाउनु संविधानको भावना विपरीत देखिन सक्छ। यसको प्रत्यक्ष असर अभिभावकमाथि पर्नेछ र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि थप आर्थिक बोझ सिर्जना हुनेछ। अन्ततः यसको भार विद्यार्थी र अभिभावकले नै व्यहोर्नुपर्ने भएकाले यो निर्णय सामाजिक न्यायको नाममा थप असमानता निम्त्याउने जोखिममा छ।

शिक्षामा समानता कायम गर्ने उद्देश्य सकारात्मक हो। तर समानता कर थपेर होइन, सामुदायिक विद्यालयको गुणस्तर सुधार गरेर हासिल गर्न सकिन्छ। सरकारी विद्यालयलाई सक्षम, प्रतिस्पर्धी र विश्वासिलो बनाउन सके निजी विद्यालयप्रतिको निर्भरता स्वतः घट्दै जान्छ। विगतमा शिक्षा सेवा कर लागू गर्ने प्रयास असफल भएको तथ्यले पनि यस्ता नीति व्यवहारिकभन्दा बढी कागजी बन्ने संकेत गर्छ।

सरकारले शिक्षामा कर लगाउनेभन्दा शिक्षामा लगानी बढाउने, छात्रवृत्ति विस्तार गर्ने र सार्वजनिक विद्यालयको सुधारमा ध्यान केन्द्रित गर्नुपर्छ। शिक्षा कुनै व्यापारिक वस्तु मात्र होइन, राष्ट्र निर्माणको आधार हो। त्यसैले करको भार थपेर होइन, सुधारको बाटो रोजेर मात्रै शिक्षामा वास्तविक समता स्थापित गर्न सकिन्छ।

# बजेटमा सामाजिक न्याय

आर्थिक वर्ष २०८३/८४ को बजेट केवल रकम विनियोजनको दस्तावेज होइन, नयाँ राजनीतिक संस्कार र शासनशैलीको परीक्षण पनि हो । प्रशासनिक पुनर्संरचना, कर सुधार, डिजिटल रूपान्तरण, ऊर्जा विस्तार, वित्तीय आधुनिकीकरण तथा सामाजिक न्यायलाई एउटै ढाँचामा जोड्ने प्रयास यस बजेटको विशेषता हो ।






भानु पराजुली

नेपालको राजनीतिक इतिहासमा केही यस्ता क्षण आउँछन्, जसले केवल सरकारको वार्षिक कार्यक्रम मात्र होइन, राष्ट्रको भावी दिशा र विकासको गति पनि निर्धारण गर्छन् । आर्थिक वर्ष २०८३/८४ को बजेट त्यस्तै एउटा दस्ताबेजका रूपमा प्रस्तुत भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको यो बजेट केवल आयव्ययको हिसाबकिताब होइन, बरु नयाँ राजनीतिक पुस्ताले परिकल्पना गरेको नयाँ नेपालको सम्भावित मार्गचित्र हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारका लागि यो पहिलो पूर्ण बजेट भएकाले यसको राजनीतिक, आर्थिक र मनोवैज्ञानिक महषव विशेष छ । निर्वाचनमा प्राप्त दुई तिहाइ जनमतले जनताले परिवर्तन, पारदर्शिता र परिणाममुखी शासनप्रति राखेको विश्वासलाई प्रतिविम्बित गर्छ । त्यो विश्वासलाई व्यवहारमा रूपान्तरण गर्ने पहिलो ठोस अवसर यही बजेटमार्फत आएको छ । यसलाई सामान्य आर्थिक दस्ताबेजभन्दा बढी सरकारको क्षमता, दृष्टि र प्रतिबद्धताको परीक्षणका रूपमा हेरिनु पर्छ ।

कुल २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट चालु आवको तुलनामा करिब २५ प्रतिशतले बढी छ । यसमध्ये १२ खर्ब ७० अर्ब ५८ करोड चालु खर्च, चार खर्ब ३१ अर्ब १० करोड पुँजीगत खर्च तथा रु. चार खर्ब २२ अर्ब ६४ करोड वित्तीय व्यवस्थापनमा विनियोजन गरिएको छ । राजस्व सङ्कलनको लक्ष्य १४ खर्ब पाँच अर्ब निर्धारण गरिएको छ । आकारका हिसाबले यो बजेट महषवाकाङ्क्षी छ तर यसको वास्तविक मूल्याङ्न खर्चको आकारले होइन, त्यसले सिर्जना गर्ने परिणामले हुने छ ।

***दर्शन र दृष्टिकोण***

बजेटको महत्वपूर्ण पक्ष यसको दर्शन हो । बजेटले राज्यलाई केवल नियमन गर्ने निकायका रूपमा होइन, अवसर सिर्जना गर्ने संयन्त्रका रूपमा पुनर्परिभाषित गर्न खोजेको देखिन्छ । सुशासन, उत्पादनमुखी अर्थतन्त्र, डिजिटल रूपान्तरण, नवप्रवर्तन र सामाजिक न्यायलाई यसको मूल आधार बनाइएको छ । सात वर्षभित्र नेपालको अर्थतन्त्रलाई एक सय अर्ब अमेरिकी डलरमा पुऱ्याउने तथा आगामी दशकमा नेपाललाई मध्यम आय भएको मुलुक बनाउने महषवाकाङ्क्षी लक्ष्य पनि प्रस्तुत गरिएको छ ।

नेपालमा विगतका धेरै बजेट वितरणमुखी र लोकप्रियतामुखी हुने गरेको आरोप लाग्दै आएको छ । यो बजेटले कम्तीमा घोषणाको तहमा भए पनि संरचनागत सुधार र दीर्घकालीन आर्थिक रूपान्तरणलाई केन्द्रमा राख्न खोजेको सङ्केत दिएको छ ।

***शासकीय सुधार : बजेटको मेरुदण्ड***

विसं २०८२ चैत १३ मा मन्त्रीपरिषद्बाट स्वीकृत एक सयबुँदे कार्यसूचीलाई बजेटको मेरुदण्ड बनाइएको छ । मन्त्रालयको सङ्ख्या घटाएर १८ मा सीमित गर्ने, ३१ निकाय खारेज गर्ने तथा छ निकाय एकीकृत गर्ने निर्णयले राज्य संयन्त्रलाई चुस्त, प्रभावकारी र कम खर्चिलो बनाउने उद्देश्य राखेको छ । यसबाट वार्षिक करिब २० अर्ब प्रशासनिक खर्च बचत हुने अपेक्षा गरिएको छ ।

भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा पनि बजेटले अपेक्षाकृत साहसी सङ्केत दिएको छ । २०४८ सालयताका उच्चपदस्थ व्यक्तिको सम्पत्ति छानबिन गर्ने, बैङ्क खाता, डिजिटल वालेट तथा सेयर लगानीसमेत अनुसन्धानको दायरामा ल्याउने व्यवस्था सार्वजनिक गरिएको छ । यो प्रक्रिया निष्पक्ष, निरन्तर र राजनीतिक पूर्वाग्रहविहीन ढङ्गले अघि बढ्न सक्यो भने सार्वजनिक जीवनमा जवाफदेहिता र पारदर्शिताको नयाँ मापदण्ड स्थापित हुन सक्छ ।

***डिजिटलीकरण र नागरिकमैत्री सेवा***

डिजिटल टाइम कार्ड, नागरिक एपमार्फत सरकारी सेवा, एकीकृत सरकारी सफ्टवेयर प्रणाली तथा घरबाटै नागरिकता र राहदानी सेवासम्म पहुँच विस्तार गर्ने योजनाले राज्य र नागरिकबिचको दुरी घटाउने प्रयास गरेको छ । नेपालमा सेवाग्राहीले कार्यालय धाउने, फाइल हराउने, बिचौलियाको प्रभाव र ढिलासुस्तीको समस्या लामो समयदेखि विद्यमान छ । डिजिटल प्रणाली प्रभावकारी रूपमा लागु गर्न सकिएमा सेवा प्रवाह छिटो, पारदर्शी र उत्तरदायी बन्ने सम्भावना छ । प्रविधि आफैँ समाधान होइन । आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, साइबर सुरक्षा र संस्थागत क्षमता विकासबिना डिजिटल रूपान्तरण घोषणामै सीमित हुने जोखिम पनि उत्तिकै छ ।

***खर्चको प्राथमिकता***

बजेटले पूर्वाधारलाई आर्थिक विकासको प्रमुख इन्जिनका रूपमा लिएको छ । सबैभन्दा बढी ३०२ अर्ब ८३ करोड पूर्वाधार विकास मन्त्रालयलाई विनियोजन गरिएको छ । सडक, पुल, सुरुङमार्ग, सहरी पूर्वाधार तथा राष्ट्रिय जोडाइका परियोजनालाई तीव्रता दिने सरकारको योजना छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयलाई २१८ अर्ब ३० करोड विनियोजन गरिनु मानव पुँजी विकासलाई दीर्घकालीन आर्थिक रूपान्तरणका आधारका रूपमा स्वीकार गरिएको सङ्केत हो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई १२२ अर्ब ६१ करोड, ऊर्जा मन्त्रालयलाई ११४ अर्ब तथा स्वास्थ्य मन्त्रालयलाई ९६ अर्बभन्दा बढी बजेट विनियोजन गरिएको छ । सङ्घीय संरचनालाई बलियो बनाउन प्रदेश तथा स्थानीय तहलाई उल्लेखनीय अनुदान प्रदान गरिएको छ ।

***आर्थिक रूपान्तरणका पाँच आधार***

पहिलो, शासन सुधार- मन्त्रालय सङ्ख्या घटाउने, निकाय पुनर्संरचना गर्ने र अनावश्यक खर्च कटौती गर्ने । दोस्रो, कर प्रणाली सुधार- आयकर छुट, केही अन्तःशुल्क खारेज तथा डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने व्यवस्था गर्ने । तेस्रो, सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तामा लगानी- सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना तथा गणित र एआई शिक्षामा विशेष प्राथमिकता । चौथो, वित्तीय बजार आधुनिकीकरण- हेज फन्ड, सार्वभौम सम्पत्ति कोष, अफसोर बन्ड तथा गैरआवासीय नेपालीलाई लगानीका थप अवसर । पाँचौँ, ऊर्जा विस्तार- प्रसारण लाइन निर्माण, ऊर्जा पूर्वाधारमा लगानी तथा साना आयोजनाको पिपिए प्रक्रियालाई तीव्रता । यी क्षेत्रलाई प्रभावकारी रूपमा अघि बढाउन सकिएमा नेपालको अर्थतन्त्र परम्परागत रेमिट्यान्स निर्भरताबाट उत्पादन, प्रविधि र लगानीमुखी संरचनातर्फ उन्मुख हुन सक्छ ।

***सामाजिक न्यायको सन्तुलित दृष्टिकोण***

बजेटको अर्को उल्लेखनीय पक्ष यसको बहुस्तरीय सामाजिक दृष्टिकोण हो । विपन्न वर्गका लागि सामाजिक सुरक्षा, बालपोषण भत्ता, ग्रामीण सडक तथा रोजगारी कार्यक्रमलाई प्राथमिकता दिइएको छ । मध्यम वर्गका लागि आयकर तथा डिजिटल कारोबारसम्बन्धी राहतका व्यवस्था गरिएका छन् । उच्च आय समूह र लगानीकर्ताका लागि वित्तीय साधन विस्तार तथा लगानीमैत्री वातावरण सिर्जना गर्ने प्रयास गरिएको छ । यस अर्थमा बजेटले वर्गसङ्घर्षभन्दा वर्ग समन्वयमार्फत आर्थिक वृद्धि र सामाजिक न्यायलाई सन्तुलनमा राख्ने प्रयास गरेको छ ।

***कार्यान्वयन परीक्षा***

बजेटका लक्ष्य जति आकर्षक छन्, तिनको कार्यान्वयन त्यति नै चुनौतीपूर्ण छ । सात वर्षभित्र एक सय अर्ब अमेरिकी डलरको अर्थतन्त्र निर्माण गर्ने लक्ष्य प्राप्त गर्न निरन्तर उच्च आर्थिक वृद्धि आवश्यक पर्छ । नेपालमा पुँजीगत खर्च समयमै नहुने, आयोजना व्यवस्थापन कमजोर रहने, खरिद प्रक्रिया ढिलो हुने तथा अन्तिम त्रैमासमा खर्च केन्द्रित हुने समस्या बर्सौंदेखि दोहोरिइरहेका छन् । यही कारणले नेपालको समस्या नीति अभावभन्दा बढी कार्यान्वयन अभाव भएको तर्क बारम्बार उठ्ने गरेको छ । बजेटले प्रस्तुत गरेका लक्ष्य प्राप्त गर्ने कि नगर्ने भन्ने अन्ततः घोषणाले होइन, कार्यान्वयन क्षमताले निर्धारण गर्ने छ ।

***निष्कर्ष***

आर्थिक वर्ष २०८३/८४ को बजेट केवल रकम विनियोजनको दस्ताबेज होइन, नयाँ राजनीतिक संस्कार र शासनशैलीको परीक्षण पनि हो । प्रशासनिक पुनर्संरचना, कर सुधार, डिजिटल रूपान्तरण, ऊर्जा विस्तार, वित्तीय आधुनिकीकरण तथा सामाजिक न्यायलाई एउटै ढाँचामा जोड्ने प्रयास यस बजेटको विशेषता हो । लक्ष्य महत्वाकाङ्क्षी छन्, चुनौती पनि उत्तिकै गम्भीर छन् । इतिहासमा परिवर्तनका ठुला अध्याय यस्तै महषवाकाङ्क्षी सोचबाट सुरु भएका उदाहरण प्रशस्त छन् । अबको मूल प्रश्न बजेट कति राम्रो छ भन्ने होइन, त्यसलाई कति इमानदार, प्रभावकारी र परिणाममुखी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ भन्ने हो । सरकारको इमानदार, कर्मशील र भ्रष्टाचारविहीन सुशासनका मापदण्ड व्यवहारमा उतारिए नागरिकलाई बजेट निगरानीमा सहभागी गराइयो, सार्वजनिक खर्चलाई पारदर्शी बनाइयो र सुधारका प्रतिबद्धता निरन्तर कार्यान्वयन गरिए भने यो बजेट केवल कागजमा सीमित रहने छैन । २०८३ जेठ १५ लाई भविष्यका पुस्ताले सामान्य बजेट प्रस्तुत भएको दिनका रूपमा होइन, नेपालको नयाँ आर्थिक फड्को र रूपान्तरणको यात्राको प्रस्थानविन्दुका रूपमा सम्झिन सक्ने छन् ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## फ्रान्समा पिएसजीको विजयोत्सव हिंसात्मक झडपमा परिणत भएपछि ७८० जना पक्राउ

***पेरिस, जेठ १७ गते ।***

पेरिस सेन्ट जर्मेन (पिएसजी) च्याम्पियन्स लिगमा आर्सनलमाथि जित हाँसिल गरेको अवसरमा भएको खेलमा हिंसात्मक झडप र सडक दुर्घटनामा एक युवकको मृत्यु भएपछि फ्रान्सका अधिकारीहरूले हिंसा नियन्त्रणका लागि देशभरि ७८० जनालाई पक्राउ गरिएको घोषणा गरेका छन् । पिएसजीको जितमा रमाउने र खेलका लागि हजारौँ मानिस पेरिसको सडकमा उत्रिएका थिए । बिजयोत्सवका लागि सडकमा भेला भएका शुभेच्छुकका केही समूह र प्रहरीबिच भीड नियन्त्रणका क्रममा झडप भएको थियो । प्रशासनले गत वर्षको बिजयोत्सबपछिको अशान्तिलाई मध्यनजर गर्दै करिब २२ हजार सुरक्षाकर्मीलाई सडकमा उतारेको थियो। कानून प्रवर्तनलाई लक्षित आतिशबाजीको बढ्दो



प्रयोग र झडपलाई प्रकाश पार्दै गृहमन्त्री लरेन्ट नुनेजले एक संक्षिप्त पत्रकार सम्मेलनमा भन्नुभयो, "फ्रान्समा ५७ सुरक्षाकर्मी र २१९ जना बिजयोत्सवमा सहभागी व्यक्ति घाइते भएका छन् भने उनीहरू मध्ये आठ जना गम्भीररूपमा घाइते भएका छन् ।"

पेरिसको सरकारी अभियोजनकर्ताको कार्यालयले पेरिसको रिङरोडमा 'मोटोक्रस बाइक' दुर्घटनामा एक युवकको मृत्यु भएको घोषणा गरेको छ र राजधानीमा एक व्यक्ति धारिलो हतियारको आक्रमणबाट घाइते भएको र उनको अवस्था गम्भीर रहेको बताएको छ । नुनेजले गत वर्ष पिएसजीको च्याम्पियन्स लिग जितको खुसियालीको तुलनामा यो सङ्ख्या ३२ प्रतिशतले बढी भएको बताउनुभयो ।

## आर्थिक संकटबिच श्रीलंकाले इन्धनको मूल्य बढायो

कोलम्बो, जेठ १७ गते ।

श्रीलंकाले आइतबार पेट्रोल र डिजेलको मूल्य करिब छ प्रतिशतसम्म बढाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ) को आर्थिक सुधार योजनाअनुसार इन्धनको लागतअनुसार मूल्य समायोजन गर्ने र सरकारी अनुदान क्रमशः हटाउने उद्देश्यले यो निर्णय गरिएको हो ।

राज्य सञ्चालित इन्धन कम्पनीका अनुसार पेट्रोलको मूल्य ४१० रुपियाँबाट बढेर ४३४ रुपियाँ प्रति लिटर पुगेको छ । त्यस्तै डिजेलको मूल्य ३९२ रुपियाँबाट बढेर ४०७ रुपियाँ प्रति लिटर कायम गरिएको छ। यो मूल्य वृद्धि आईएमएफले श्रीलंकालाई दिइएको २.९ अर्ब डलरको राहत प्याकेज अन्तर्गत ६९५ लाख डलरको अर्को किस्ता जारी गरेको केही दिनपछि आएको हो ।

सन् २०२३ को सुरुमा सुरु भएको यो कार्यक्रमले आर्थिक संकटमा परेको देशलाई स्थिर



बनाउने लक्ष्य राखेको छ । आईएमएफले श्रीलंकालाई इन्धन र विद्युत् दुवै क्षेत्रमा लागतअनुसार मूल्य समायोजन गर्न दबाब दिँदै आएको छ। सरकारले ऊर्जा क्षेत्रमा दिइँदै आएको अनुदान हटाउने प्रक्रिया अघि बढाउने बताएको छ ।

राष्ट्रपति अनुरा कुमार दिसानायकेले आईएमएफलाई पठाएको पत्रमा सेप्टेम्बर महिनासम्म इन्धन अनुदान पूर्णरूपमा हटाइने उल्लेख गर्नुभएको छ। विश्लेषकका अनुसार फेब्रुअरी २८ पछि मध्यपूर्वमा देखिएको तनावका कारण ऊर्जा आपूर्तिमा असर परेको छ, जसले श्रीलंकाको आयातमा निर्भर अर्थतन्त्रलाई थप दबाबमा पारेको छ। श्रीलंकाले आफ्नो सम्पूर्ण इन्धन आयात गर्छ र विद्युत् उत्पादनका लागि कोइलामा पनि निर्भर छ । सन् २०२२ मा देशले ४६ अर्ब डलर विदेशी ऋण तिर्न नसकेर आर्थिक डिफल्ट गरेको थियो । त्यसयता आईएमएफको सहयोगमा अर्थतन्त्र स्थिर बनाउने प्रयास जारी छ ।

## बाराका ...

नाकाहरू मुसहर्वा, छतवा, बरैनिया, सुवर्णको सन्तगञ्ज, बेल्दारी, जानकीटोला, सिम्रौनगढ र कचौर्वा तस्कर समूहका लागि सुरक्षित आश्रयस्थल बन्न पुगेका छन्। यी नाकाहरू प्रयोग गरी दैनिक रूपमा सयौं मोटरसाइकल र साइकलमार्फत भन्सार छलीका किराना सामान, धानको बीउ, कपडा, चकलेट, हार्डवेयर, चप्पल-जुत्ता र प्रतिबन्धित रजनीगन्धाको अवैध आयात भइरहेको छ भने नेपालतर्फबाट तेस्रो मुलुकका महँगा चिनियाँ स्याउ, श्रृंगारका सामान र फर्सीको बीउ भारततर्फ निर्बाध तस्करी भइरहेको छ । यस अवैध धन्दामा संलग्न मुख्य नाइकेहरू सुरेन्द्र, भोला, अरविन्द र मास्टर, खेन्ना , मटर, रंजित, मोजामिल सहितका चार दर्जनभन्दा बढी तस्कर समूहले सुरक्षा संयन्त्रसँगको बलियो सेटिङकै बलमा केही सामान ग्रामीण बजारमा खपत गराई बाँकी महँगा सामानहरू रात्रिकालीन बसमार्फत देशका प्रमुख सहरहरूमा निर्धक्क आपूर्ति गरिरहेका छन् भने अर्कोतर्फ अर्थ मन्त्रालयले बाराको मटिअर्वाबाहेक कवहीगोठ, पिपरपाती, सिम्रौनगढ र कचौर्वा जस्ता छोटी भन्सार कार्यालयहरू खारेज गरेपछि कर्मचारीविहीन बनेका ती क्षेत्रमा सुरक्षा चुनौती थपिनुका साथै हाल सञ्चालनमा रहेको एकमात्र मटिअर्वा छोटी भन्सारमा समेत न्यून राजस्व उठ्ने गरेकाले सीमा सुरक्षा र राज्यको समष्टिगत राजस्व प्रणालीमाथि नै गम्भीर प्रहार भइरहेको छ। तस्करी नियन्त्रणमा अब नागरिकले अवरोध गर्न थालेका छन् तर सम्बन्धित प्रहरी निकायका जिम्मेवार प्रमुखले आरोप भन्दै अस्विकारोक्ति प्रतिकृयाले जनमासमा झन चांसो बढाएको छ।

## रास्वपा...

बसन्त यादवलगायतका नेताहरू उपस्थित थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै क्षेत्रीय सभापति रजनीश कुशवाहाले सीमित संगठनात्मक संरचना तथा चुनौतीपूर्ण परिस्थितिका बाबजुद पार्टीले निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको बताए। उनले नवगठित नगर समितिले सिम्रौनगढमा पार्टी संगठन विस्तार, जनसम्पर्क सुदृढीकरण तथा राजनीतिक गतिविधिलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे।

सिम्रौनगढ नगरपालिकाका ११ वटै वडाका सभापति, पार्टीका नेता तथा कार्यकर्ताहरूको सहभागितामा सम्पन्न अधिवेशनलाई स्थानीय तहमा रास्वपाको संगठन विस्तारका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। नवगठित समितिले नगरस्तरमा पार्टी गतिविधिलाई थप व्यवस्थित र सक्रिय बनाउने अपेक्षा गरिएको छ।

## जनकपुर...

अघि सारेको छ। यसले नयाँ संरचना निर्माणमा लाग्ने ठूलो खर्च जोगिने विश्वास गरिएको छ।

मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष राज कुमार सिंह ले समयमै मर्मतसम्भार नगरे पुराना संरचना नष्ट हुने खतरा रहेको औंल्याएका छन्। उनले खेलमैदान, गोदाम, सभाहल तथा हरियाली क्षेत्रको संरक्षण गर्दै त्यसलाई बहुउपयोगी बनाउनु आवश्यक रहेको बताए।

स्थानीयवासीले पनि परिसरको संरक्षण, अतिक्रमण नियन्त्रण तथा हरियाली प्रवर्द्धनमा जोड दिएका छन्। प्रदेश सरकारले उक्त क्षेत्रलाई प्रशासनिक केन्द्रसँगै पार्क, बगैँचा र सार्वजनिक उपयोगका संरचनासहित व्यवस्थित बनाउने तयारी गरेको जनाएको छ।

## रास्वपा ...

बताए। उनका अनुसार अन्य पदाधिकारी तथा सदस्य पदहरूको मतगणना जारी रहेको छ र अन्तिम परिणाम क्रमशः सार्वजनिक गरिनेछ।

कलैया उपमहानगर समितिको नयाँ नेतृत्व चयनसँगै स्थानीय तहमा रास्वपाको संगठन विस्तार तथा पार्टी गतिविधिलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। नवनिर्वाचित सभापति रौनियारले पार्टीको सांगठनिक संरचना मजबुत बनाउँदै जनसम्पर्क विस्तार र स्थानीय मुद्दामा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

पार्टीका स्थानीय नेता तथा कार्यकर्ताहरूले नयाँ नेतृत्वले कलैयामा रास्वपाको प्रभाव अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन्।

## प्रधानमन्त्री ...

त्यस्तै, प्रधानमन्त्रीले सीमा समस्याका विषयमा बेलायतसँग पनि संवाद भइरहेको दाबी गरेको विषयलाई कांग्रेसले भ्रमपूर्ण र आपत्तिजनक भनेको छ। स्थापित कूटनीतिक संयन्त्रलाई बेवास्ता गर्दै गरिएको यस्तो अभिव्यक्तिले नेपालको अन्तर्राष्ट्रिय छवि र कूटनीतिक विश्वसनीयतामाथि प्रश्न उठाउने कांग्रेसको भनाइ छ।

कांग्रेसले सीमा समस्या ऐतिहासिक तथ्य, प्रमाण र कूटनीतिक वार्तामार्फत समाधान गर्नुपर्ने आफ्नो पुरानै अडान दोहोर्याउँदै प्रधानमन्त्रीको अभिव्यक्तिप्रति खेद व्यक्त गरेको छ।

## मधेसका ...

बैठकमा जनकपुरधाम परिक्रमा क्षेत्रमा मदिरा बिक्री-वितरण नियन्त्रण गर्ने, मधेस भवन परिसरको सुरक्षा व्यवस्थापन सुदृढ गर्ने तथा कर्मचारी आवास क्षेत्रमा अनधिकृत बसोबास हटाउने निर्णयसमेत गरिएको छ।


त्यस्तै, मधेस भवनको सुरक्षा अवस्थाबारे विस्तृत अध्ययन गरी १५ दिनभित्र सुरक्षा मापदण्ड सम्बन्धी कार्यविधि तयार गर्न समिति गठन गर्ने निर्णय गरिएको छ। भवनको सरसफाइ र व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयलाई जिम्मेवारी दिइएको छ। गुठी जग्गाको अभिलेख अद्यावधिक गर्ने, अतिक्रमण भएको पाइए कानुनी कारबाही अघि बढाउने तथा फुटपाथ र सार्वजनिक स्थान अतिक्रमण नियन्त्रणमा स्थानीय तहसँग समन्वय गर्ने निर्णय पनि बैठकले गरेको छ।

## आर्थिक...

ल्याउने सकारात्मक आधार खडा गरेको छ।

रुतथापि, यस बजेटको गम्भीर नकारात्मक एवं चुनौतीपूर्ण पक्ष भनेको यसको महत्वाकांक्षी आकार र स्रोत व्यवस्थापनको चरम असन्तुलन हो; चालु आर्थिक वर्षको संशोधित खर्चको तुलनामा २५.२ प्रतिशतले वृद्धि गरी ल्याइएको यो बजेटले संकुचित राजस्व संकलनको धरातलीय यथार्थलाई नजरअन्दाज गरेको देखिन्छ। कुल रु. २१ खर्ब २४ अर्बको खर्च व्यवस्थापनका लागि रु. १४ खर्ब ५ अर्ब मात्र आन्तरिक राजस्वबाट उठ्ने अनुमान गरिएको छ, जसले गर्दा बाँकी रु. ६ खर्ब ५७ अर्ब भन्दा बढीको विशाल घाटा ( Fiscal Deficit) पूर्ति गर्न वैदेशिक ऋण (रु. २४७ अर्ब) र ठूलो मात्रामा आन्तरिक ऋण (रु. ४१० अर्ब) मा भर पर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ। राष्ट्रिय योजना आयोगले तोकेको प्रारम्भिक सीमा भन्दा निकै माथि गई लोकप्रिय बन्न खोज्दा कुल विनियोजनको ५९.८ प्रतिशत (रु. १२ खर्ब ७० अर्व) त चालु खर्च (प्रशासनिक तथा साधारण खर्च) मै सकिने र वास्तविक उत्पादनशील क्षेत्र एवं पूर्वाधार निर्माण गर्ने पूँजीगत खर्च केवल २०.३ प्रतिशत (रु. ४३१.१० अर्ब) मा सीमित हुनुले देशको विकास खर्च गर्ने क्षमता अझै कमजोर रहने संकेत गर्दछ। यसैगरी, वित्तीय व्यवस्थापन (debt servicing) तर्फ विनियोजित १९.९ प्रतिशत ( रु. ४२२.६४ अर्ब) को अंशले नेपालको बढ्दो सार्वजनिक ऋणको साँवा-ब्याज तिर्नैमा पूँजीगत खर्च बराबरकै ठूलो रकम स्वाहा भइरहेको डरलाग्दो चित्र प्रस्तुत गर्दछ भने बजारमा अत्यधिक आन्तरिक ऋण उठाउँदा निजी क्षेत्रले पाउने कर्जा संकुचित भई ( Crowding Out Effect) ब्याजदर बढ्न सक्ने र ७ प्रतिशतको महत्वाकांक्षी आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राख्दा बजारमा तरलता प्रवाह बढेर मूल्यवृद्धिलाई ६ प्रतिशतको सीमा भित्र रोक्न चुनौतीपूर्ण हुने देखिन्छ। अन्ततः, पुरानै अधुरा आयोजनालाई प्राथमिकता दिने र बजेट छर्ने प्रवृत्ति रोक्ने अर्थमन्त्रीको घोषणा र सुशासनका एजेन्डाहरू सैद्धान्तिक रूपमा उत्कृष्ट भए तापनि, कमजोर कर्मचारीतन्त्र, न्यून पूँजीगत खर्च गर्ने अक्षमता र घाटा बजेटको ठूलो भारका कारण यसको सफल कार्यान्वयनको मार्ग निकै जटिल र चुनौतीपूर्ण देखिन्छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# राष्ट्रियसभाबाट दुई निर्वाचनसम्बन्धी विधेयक पारित

*काठमाडौँ, जेठ १७ –*
राष्ट्रियसभाको आजको बैठकले निर्वाचन प्रणालीलाई सुधार गर्ने उद्देश्यसहित दुई महत्वपूर्ण विधेयक बहुमतले पारित गरेको छ।
बैठकमा 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' र 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' छुट्टाछुट्टै प्रस्तावका रूपमा प्रस्तुत गरिएको थियो। प्रधानमन्त्री तथा गृहमन्त्री बालेन्द्र शाह को तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम ले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेकी थिइन्।
सदनमा भएको छलफलपछि दुवै विधेयक बहुमतले पारित भएका



हुन्। यी विधेयकहरूले निर्वाचन प्रक्रिया, मतदाता नामावली दर्ता तथा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी कानुनी व्यवस्थालाई अझ स्पष्ट र समयसापेक्ष बनाउने अपेक्षा गरिएको छ।
विधेयक पारित भएसँगै निर्वाचनसम्बन्धी कानुनी संरचनामा सुधारको नयाँ चरण सुरु भएको छ। राष्ट्रियसभाको बैठक सम्पन्न भई अर्को बैठक सोमबार दिउँसो १:१५ बजे बस्ने गरी स्थगित गरिएको छ।

# प्रधानमन्त्रीको अभिव्यक्तिबारे परराष्ट्रको स्पष्टीकरण, सीमाक्षेत्रमा "क्रस बोर्डर अकुपेसन" रहेको दाबी

*काठमाडौँ, जेठ १७ –*
प्रधानमन्त्री बालेन्द्र शाह ले संसदमा दिएको सीमा सम्बन्धी अभिव्यक्तिपछि उठेको विवादबारे परराष्ट्र मन्त्रालय ले स्पष्टीकरण दिएको छ। मन्त्रालयले विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको भनाइ सीमाक्षेत्रमा देखिएको 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा उपयोगको यथार्थसँग सम्बन्धित रहेको जनाएको छ।
मन्त्रालयका अनुसार नेपाल-भारत सीमा निर्धारणका क्रममा नदी क्षेत्रको सीमांकनमा अपनाइएको 'फिक्स्ड बाउन्ड्री प्रिन्सिपल' का कारण कतिपय स्थानमा एक देशका नागरिकले अर्को देशतर्फ पर्ने जग्गा उपयोग गर्दै आएको अवस्था छ। यसैलाई प्रधानमन्त्रीले संसदमा उल्लेख गरेको मन्त्रालयको भनाइ




छ।
विज्ञप्तिमा नेपाल र भारतबीच सीमास्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण नियन्त्रण तथा सीमाक्षेत्रको लगत संकलनका लागि दुवै देशका प्राविधिक टोली सक्रिय रहेको उल्लेख गरिएको छ।
परराष्ट्र मन्त्रालयले प्राविधिक अध्ययनका क्रममा केही स्थानमा हाल नेपालको उपयोगमा रहेको जग्गा भारततर्फ र भारतले उपयोग गरिरहेको केही भूभाग नेपालतर्फ पर्न सक्ने देखिएको जनाएको छ। मन्त्रालयले प्रधानमन्त्रीको अभिव्यक्तिलाई यही प्राविधिक यथार्थको सन्दर्भमा बुझ्न आग्रह गरेको छ।

# जनकपुर चुरोट कारखाना हस्तान्तरणको पहल तीव्र, प्रधानमन्त्री सकारात्मक

*जनकपुरधाम, जेठ १७ –*
लामो समयदेखि बन्द अवस्थामा रहेको जनकपुर चुरोट कारखाना परिसरलाई मधेश प्रदेश सरकारको स्थायी सचिवालयका रूपमा विकास गर्न स्वामित्व हस्तान्तरणको पहल तीव्र पारिएको छ। प्रदेश सरकारले संघीय सरकारसँग स्वामित्व हस्तान्तरणका लागि निरन्तर संवाद गरिरहेको जनाएको छ भने प्रधानमन्त्री बालेन्द्र शाह यस विषयमा सकारात्मक रहेको बताइएको छ।
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव ले चुरोट कारखाना सञ्चालनको सम्भावना न्यून रहेकाले उक्त परिसरलाई आधुनिक प्रादेशिक सचिवालयका रूपमा विकास गर्नु उपयुक्त हुने बताएका छन्। उनका अनुसार प्रदेश सरकारको मुख्यालय,




प्रशासनिक भवन, मन्त्रालय, आवास तथा अन्य आवश्यक संरचना सोही परिसरमा निर्माण गर्न सकिनेछ।
हाल मधेश भवन परिसरमा प्रदेश सरकारको सचिवालय सञ्चालन हुँदै आएको छ। ३३ बिघा नौ कठ्ठा क्षेत्रफलमा फैलिएको उक्त परिसरमा मन्त्री आवास, प्रदेश प्रमुख आवास तथा विभिन्न मन्त्रालयका कार्यालय सञ्चालनमा छन्। तर पुराना भवन जीर्ण बन्दै गएकाले दीर्घकालीन व्यवस्थापन आवश्यक देखिएको छ।
प्रदेश सरकारले कम खर्चमा उपलब्ध संरचनाको संरक्षण तथा आवश्यक मर्मतसम्भार गरेर आधुनिक प्रशासनिक केन्द्र बनाउने योजना

बाँकी तेस्रो पृष्ठमा

# प्रधानमन्त्रीको सीमा सम्बन्धी अभिव्यक्तिप्रति कांग्रेसको आपत्ति

*काठमाडौँ, जेठ १७ –*
नेपाली कांग्रेस ले प्रधानमन्त्री बालेन्द्र शाह ले संसदमा दिएको सीमा सम्बन्धी अभिव्यक्तिप्रति कडा आपत्ति जनाएको छ। कांग्रेसले उक्त अभिव्यक्तिलाई राष्ट्रहितविपरीत, गैरजिम्मेवार तथा कूटनीतिक मर्यादाविपरीतको भन्दै तत्काल स्पष्टिकरण दिन माग गरेको छ।
कांग्रेसका प्रवक्ता देवराज चालीसे द्वारा आइतबार जारी विज्ञप्तिमा प्रधानमन्त्रीले प्रतिनिधिसभा बैठकमा व्यक्त गरेको "हामीले पनि धेरै ठाउँमा सीमा मिचेका छौं" भन्ने भनाइले नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता तथा स्थापित राष्ट्रिय अडानलाई कमजोर बनाउने दाबी गरिएको छ।



विज्ञप्तिमा नेपालको संवैधानिक नक्सा, ऐतिहासिक तथ्य तथा लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितका भूभागमा नेपालको दाबीलाई कमजोर पार्ने गरी प्रधानमन्त्रीबाट आएको अभिव्यक्ति दुःखद भएको उल्लेख गरिएको छ।
कांग्रेसले सरकार प्रमुखले संसदमा व्यक्त गर्ने धारणा राज्यको आधिकारिक दृष्टिकोणका रूपमा हेरिने भएकाले प्रधानमन्त्रीको भनाइबारे संसद् र आम नागरिकसमक्ष स्पष्ट धारणा सार्वजनिक गर्न माग गरेको छ।

बाँकी तेस्रो पृष्ठमा

# रास्वपा कलैया उपमहानगर समितिको सभापतिमा उमा शंकर रौनियार विजयी

*कलैया, जेठ १७ –*
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कलैया उपमहानगरपालिका समितिको सभापतिमा उमा शंकर रौनियार विजयी भएका छन्। आइतबार बारा जिल्ला क्रिकेट संघको सिदेश्वर खेल परिसरमा सम्पन्न अधिवेशनअन्तर्गत भएको निर्वाचनमा रौनियारले १२४ मत प्राप्त गर्दै सभापति पदमा स्पष्ट जीत हासिल गरेका हुन्।
सभापति पदका लागि भएको प्रतिस्पर्धामा उनका निकटतम प्रतिद्वन्द्वी बब्लु गिरि गोसाईले ८३ मत प्राप्त गरे भने सुरेन्द्र शर्माले ६७ मत र अभिषेक पटेलले २ मत प्राप्त गरेका थिए।



मतपरिणाम सार्वजनिक भएपछि रौनियार समर्थकहरूले विजयी नेतृत्वलाई बधाई दिएका थिए।
निर्वाचनको जानकारी दिँदै सहायक निर्वाचन अधिकृत डा. सुशील साहले सह-सचिव पदमा बलिराम गिरि निर्विरोध निर्वाचित भएको

बाँकी तेस्रो पृष्ठमा

# मधेसका आठ जिल्लामा डिजे "आतंङ्क" नियन्त्रण गर्न कडाइ, प्रहरीलाई निर्देशन


जनकपुरधाम, जेठ १७ –
मधेस प्रदेश सरकारअन्तर्गत गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेशका आठ वटै जिल्लामा बढ्दो ध्वनि प्रदूषण नियन्त्रण गर्न कडा कदम चाल्ने निर्णय गरेको छ। विशेषगरी विवाह, उत्सव तथा सार्वजनिक कार्यक्रममा प्रयोग हुने डिजेबाट हुने अत्यधिक आवाजलाई नियन्त्रण गर्न सुरक्षा निकायलाई निर्देशन दिइएको छ।
मन्त्रालयले पर्सा, बारा लगायतका जिल्लामा फैलिँदै गएको डिजे 'आतङ्क' रोक्न स्थानीय तहसँग समन्वय गरेर कडाइ गर्ने जनाएको छ। यसका लागि प्रहरीले आवश्यक



निगरानी र कारबाही गर्ने तयारी गरिएको छ।
गृह मन्त्रालयका अनुसार सार्वजनिक स्थलमा अत्यधिक आवाज निकाल्ने उपकरणको प्रयोग नियन्त्रण गर्न सबै स्थानीय तहलाई औपचारिक अनुरोध गर्ने निर्णय पनि गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।